'नतिजामा त्रुटि हुनुहुँदैन्थ्यो, भयो,
फेरि नहुने आश्वस्त पार्न चाहन्छौं',
पौडेलले भन्नुभयो- 'अब बोर्डका काम
विश्वासयोग्य र वैज्ञानिक हुन्छन्।'

अस्पतालको छतमा चिप्लियो हेलिकोप्टर

नेपाल समाचारपत्र

काठमाडौं



ग्रान्डी अस्पताल टोखा सडक काठमाडौंमा डाक्टर लिन गएको सिम्रिक एयरको हेलिकोप्टर अवतरणका क्रममा दुर्घटनामा परेको छ। दिउँसो साढे २ बजे ग्रान्डीको छतमा रहेको हेलिप्याडमा अवतरण गर्दा हेलिकोप्टर चिप्लिएर तल्लो छतमा खसेको छ।

महाराजगन्ज प्रहरी वृत्तका सई कृष्णहरि बोहराले दिनुभएको जानकारीअनुसार हेलिकोप्टर बिरामीका लागि चिकित्सक टोली लिन ग्रान्डी अस्पताल पुगेको थियो। सहचालकले चलाएको उक्त हेलिकोप्टर अवतरणको क्रममा हेलिप्याडभन्दा बाहिर टेक्दा चिप्लिएर तल्लो तल्लामा अड्किएको छ।

बोहरा भन्नुहुन्छ- 'एयरपोर्टबाट सीधैं अस्पताल पुगी ल्यान्ड हुनलाग्दा डिसब्यालेन्स भयो। मानवीय क्षति केही छैन, हेलिकोप्टरको भने पंखा, ट्यांकी कुच्चिएर तेल चुहिएको छ भने अगाडिको सिसा पनि फुटेको छ।' सिम्रिक एयर ९ एनएलआरको हेलिकोप्टर सहचालक हरेराम थापाले चलाउनुभएको थियो। हेलिकोप्टरको निरीक्षण गरी टोली फर्किसकेको र आइतबारमात्र त्यसलाई हटाउने निधो भएको छ।

अस्पतालको छतमा हेलिप्याड बनाएर आकस्मिक बिरामीलाई हेलिकोप्टरमार्फत ल्याई उपचार गराउँदै आएको ग्रान्डी अस्पतालले हेलिप्याडको समेत स्वीकृति लिए नलिएको बारेमा छानबिनसमेत शुरू गर्नुपर्ने स्वास्थ्य मन्त्रालय स्रोतले जनाएको छ। अस्पतालमा हेलिकोप्टर दुर्घटना भएलगत्तै खटेको प्रहरी टोलीले २ वटा दमकल र जनशक्ति तयारी अवस्थामा राख्नुका साथै आईसीयु कक्षका बिरामीलाई समेत अन्यत्र सार्नलाई अस्पताल प्रशासनलाई सल्लाह दिएको थियो।

घटनाका बारेमा अस्पताल प्रशासन तथा सूचना अधिकारीलाई सम्पर्क गर्न खोज्दा मोबाइल नै नउठाएर मौन रहेको बताइएको छ।

'परीक्षा र मूल्यांकनमा ट्रेड युनियन अधिकार हुँदैन'

नेपाल समाचारपत्र

काठमाडौं

रक्तदान
उपलक्ष

शिक्षा, विज्ञान तथा प्राविधिमन्त्री गिरिराजमणि पोखरेलले विद्यार्थीको परीक्षा, मूल्यांकनमा ट्रेड युनियन अधिकार नहुने बताउनुभएको छ।

कुनै पनि बहानामा एसईई परीक्षाको नतिजा त्रुटि प्रकरणमा दोषीलाई उम्कन नदिइने भन्दै मन्त्री पोखरेलले त्यस क्रममा कर्मचारीको ट्रेड युनियन अधिकार आफूलाई स्वीकार्य नहुने स्पष्ट पार्नुभएको हो।

राष्ट्रिय परीक्षा बोर्डको तेस्रो वार्षिक उत्सवको उद्घाटन गर्दै मन्त्री पोखरेलले विद्यार्थीको जीवनमा खेलवाड गर्ने अधिकार कसैलाई नभएको जिकिर गर्नुभयो। परीक्षाबोर्डले परीक्षा व्यवस्थापनमा यस्तै त्रुटि गर्दै गए परीक्षा र मूल्यांकनको जिम्मा अन्य विश्वासिलो संगठनलाई समेत दिन सक्ने शिक्षा मन्त्रीले स्पष्ट पार्नुभयो।

हिजोको ढंगले काम नचल्ने भन्दै उहाँले अब नयाँ ढंगले काम गर्नुपर्ने बताउनुभयो। 'हिजो पुरानै घोकन्ते विधिबाट पढ्ने विधि अपनायौं, सिकाइ राम्रो भएन अब नयाँ शिक्षण र सिकाइ विधिमा जानुको विकल्प छैन', मन्त्री पोखरेलले भन्नुभयो- 'प्रविधि र विज्ञान नयाँ हाम्रो सोचाइ पुरानो हुने स्थिति आउन दिँदैनौं।' संघीयतामा शिक्षा केन्द्रीय ढंगले मात्रै हरे भन्न नहुने भन्दै उहाँले शिक्षाको सिकाइ सुधारमा सबै गम्भीर हुनुपर्ने बताउनुभयो।

कार्यक्रममा राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष डा. चन्द्रमणि पौडेलले प्राविधिक सिस्टममा आएको गडबडीका कारण एसईई नतिजामा केही त्रुटि देखिए पनि तत्कालै समाधान गरिएकाले यसलाई ठूलो विषय बनाउन नहुने बताउनुभयो।

अब परीक्षा बोर्ड दीर्घकालीन सुधारको रणनीति बनाएर अघि बढ्न खोजिरहेको भन्दै अध्यक्ष पौडेलले परीक्षालाई आगामी दिनमा अझै विश्वसनीय र वैज्ञानिक बनाउने प्रतिबद्धता व्यक्त गर्नुभयो। परीक्षा र मूल्यांकनलाई वैज्ञानिक बनाइने, सबै कामलाई अनलाइन प्रणालीमा लगिने, उत्तरपुस्तिका परीक्षणका कमजोरी हटाउन वारकोड पद्धति लागू गर्ने योजनामा बोर्ड रहेको पौडेलले स्पष्ट पार्नुभयो। 'नतिजामा त्रुटि हुनुहुँदैन्थ्यो, भयो, फेरि नहुने आश्वस्त पार्न चाहन्छौं', पौडेलले भन्नुभयो- 'अब बोर्डका काम विश्वासयोग्य र वैज्ञानिक हुन्छन्।'

परीक्षा बोर्डका सदस्य सचिव दुर्गाप्रसाद अर्यालले बोर्ड निरन्तर परीक्षा र मूल्यांकन सुधारमा लागिरहेको बताउनुभयो। उहाँले बोर्ड स्थापना भएदेखि हालसम्म भएगरेका कामको उपलब्धि र आगामी दिनका कार्ययोजना प्रस्तुत गर्नुभएको थियो।

बोर्डकी सदस्य अमूदा श्रेष्ठले बोर्डले १४ लाख विद्यार्थीलाई ३ सय ४२ कर्मचारीबाट व्यवस्थापन गर्न परेकाले सोचेजस्तो काम गर्न नसकिएकाले तत्काल कर्मचारी व्यवस्थापन हुनुपर्ने बताउनुभयो। थोरै कर्मचारीका बाबजुद बोर्डले ठेलेर पेलेर काम गर्दै आएको भन्दै श्रेष्ठले बोर्डको पुन:संरचनाका लागि कर्मचारी थप हुनुपर्ने बताउनुभयो।

२०७२ असार १५ गते संसद्बाट शिक्षा ऐनको आठौं संशोधनभएसँगै सोही ऐनको व्यवस्थाअनुसार परीक्षा बोर्डको स्थापना भएको थियो। यसबीच बोर्डले परीक्षा सञ्चालन र नतिजा प्रकाशनसँगै अन्य केही कामसमेत गर्दै आएको छ।

बोर्डले यसबीच कोब्सेको अन्तर्राष्ट्रिय परीक्षा बोर्डको ४६औं सम्मेलन, कर्मचारीलाई दक्षता अभिवृद्धि गर्न सफ्टवेयरसम्बन्धी तालिम, प्रश्नपत्र निर्माण तथा व्यवस्थापन, अक्षरांकन पद्धति कार्यान्वयन, प्रअ तथा परीक्षा हेर्ने कर्मचारीलाई परीक्षा व्यवस्थापनसम्बन्धी कार्यशाला एवं गोष्ठी सम्पन्न गरेको छ।

निगमको प्रतिबद्धता

नेपाल वायुसेवा निगम आफ्नो अनवरत सेवाको ६० वर्ष पुरा गरी हीरक जयन्ती मनाउन सफल भएको छ भने उल्लेखनीय सेवा सहित परिपक्क हुँदै गएको छ। यसै वर्ष निगमले इतिहासमा पहिलो पल्ट वाइड्वडी जहाज खरीद गरी कीर्तिमानी सफलता पाएको छ।

निगमले विमानसंख्या थप गर्ने, बजार विस्तार गर्ने, गन्तव्य बढाउने र अन्तर्राष्ट्रिय उडानमा बजार अंश बढाउँदै जाने निर्धारित लक्ष्यमा क्रमश: सफलता हासिल गरेको छ। विमान खरीद प्रक्रियासँगै त्यसलाई सुचारु रुपमा संचालन गर्न आवश्यक प्राविधिक जनशक्तिको व्यवस्था साथै व्यवस्थापन सुधारलाई उच्च प्राथमिकतामा राखी समयसापेक्ष सुदृढतातर्फ अगाडि बढ्ने काम भएको छ। साधन र साध्यको तालमेल मिलाई अन्य अन्तर्राष्ट्रिय ठूला विमान कम्पनीसँग प्रतिस्पर्धा गर्न सक्ने क्षमता विकासमा गंभीरताका साथ लागिएको छ। आवश्यक प्राविधिक दक्ष जनशक्तिलाई सेवामा समावेश गर्न नयाँ नयाँ उपाय अवलम्बन गर्नेतर्फ कदम चालिएको छ भने अन्तर्राष्ट्रिय मान्यता अनुसार विमानहरुको मर्मत संभारको प्रत्याभूति गरिनेछ। अहिलेकै अवस्थामा पनि निगमको उडानमा नियमितता र विश्वसनीयताले निर्धारित लक्ष्यलाई पार गरेको छ।

निगमको विकास र सम्वृद्धिमा नेपाल सरकारको सहयोग विशेष रुपमा उल्लेखनीय रहेको छ। नेपाल सरकारले देखाएको सदाशयता प्रति निगम परिवार अत्यन्त आभारी छ। निगमलाई सद्भावना र सदाशयता पूर्वक सहयोग गर्ने पर्यटन व्यवसायीहरु, यात्रुमहानुभावहरु, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र त्यस अन्तर्गतका निकायहरु प्रति हार्दिक आभार व्यक्त गर्दै भविष्यमा अझ गुणस्तरीय सेवा दिने प्रतिबद्धता व्यक्त गर्दछौं।

-नेपाल वायुसेवा निगम

२४ घन्टामा तीनको मृत्यु

पुष्कर बुढाथोकी, भक्तपुर,

भक्तपुरमा बितेको २४ घन्टामा ३ जनाको मृत्यु भएको छ। जसमा २ जनाले आत्महत्या गरेका छन् भने १ जनाको रहस्यमय अवस्थामा शव फेला परेको छ। महानगरीय प्रहरी परिसर भक्तपुरले दिएको जानकारीअनुसार चाँगुनारायण नगरपालिका वडा नम्बर ८ मा शनिबार १ जनाको शव फेला परेको हो।

उक्त नगरपालिकाको जितपुर टावरस्थित दिनेश खड्काको घर डेरा गरी बस्ने राजेन्द्र चौधरीको कोठामा वर्ष ३६ का उमेश कार्की मृत्त अवस्थामा भेटिएका छन्। प्रहरीले घटनास्थलमा आवश्यक अनुसन्धान गरी मृतक उमेश कार्कीको हत्या भएको हुन सक्ने आशंकामा घटनामा संलग्न रहेका व्यक्तिको खोजी गरिएको परिसरका प्रवक्ता प्रहरी नायव उपरीक्षक पोखरलले बताउनुभयो।

स्थानीयबाट खबर प्राप्त हुनासाथ तत्काल महानगरीय प्रहरी प्रभाग सुडाल र महानगरीय प्रहरी वृत्त जगातीबाट प्रहरी टोली खटिई घटना स्थलमा आवश्यक अनुसन्धान गरेको छ। मृतक कार्कीको हत्या भएको हुन सक्ने आशंकामा घटनामा संलग्न रहेका व्यक्तिको तदारुकताका साथ खोजतलास गरिनुका साथै घटनास्थलमा केन्द्रीय प्रहरी कुकुर तालिम स्कुल महाराजगन्जबाट तालिम प्राप्त कुकुरसमेत ल्याई अनुसन्धान कार्य जारी रहेको प्रहरीले जनाएको छ।

यसैगरी चाँगुनारायण नगरपालिका वडा नम्बर ५ का १४ वर्षीय राज चाकातुले आत्महत्या गरेका छन्। आफ्नै घरमा विषादी सेवन गरी अशक्त भएका राजलाई उपचारका लागि निजकी आमा शर्मिला चाकातुले तत्काल भक्तपुर अस्पताल लगेको प्रहरीले जनाएको छ।

उनको त्यहाँ उपचारका हुन नसकेपछि नागरिक अस्पताल गठ्ठाघर लगिएको र शुक्रबार राति करिब १२ बजेतिर मृत्यु भएको परिसर भक्तपुरका प्रवक्ता प्रहरी नायव उपरीक्षक रेवती पोखरेलले बतानुभयो। यसबारेमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

त्यसैगरी मध्यपुर थिमि नगरपालिका वडा नम्बर १ लोकन्थली मनहरा सुकुम्बासी बस्तीका १ जना युवाले आत्महत्या गरेका छन्। सोही स्थानको ब्लक नं. १ स्थित बस्ने वर्ष २५ का सुरज दियाली आफ्नै घरको कोठामा पासो लगाई आत्महत्या गरेको प्रहरीले जानकारी दिएको छ। यसबारेमा पनि थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

डाजाङको साहित्यिक यात्रा सम्पन्न

ललितपुर, (नेस)। तामाङ मासिक पत्रिका तामाङ डाजाङले २ दिने तामाङ साहित्यिक यात्रा सम्पन्न गरेको छ। तामाङ साहित्य र संस्कृतिको उजागर गर्ने उद्देश्यले डाजाङद्वारा गरिएको यात्रा शनिबार सम्पन्न भएको हो। डाजाङले कोन्ज्योसोम गाउँपालिका-२ शंखुमा पुगेर कार्यक्रम गरी यात्रालाई सम्पन्न गरेको थियो।

डाजाङको यस पटकको यात्रा मातृभाषा शिक्षा र साहित्यको लागि रहेको डाजाङकी अध्यक्ष सन्चु ब्लोन तामाङले जानकारी दिनुभयो। उहाँले यस यात्रा तामाङको ऐतिहासिक थलोमा पुगेर मौलिक साहित्यका बारेमा छलफल गर्दै तामाङ साहित्यको विकासमा केन्द्रित हुने गरेको बताउनुभयो।

उहाँले यस पटकको यात्राले जिल्लाको दक्षिणी भेग शंखुमा केन्द्रित गरेर यहाँ रहेको स्थानीय ताम्बा, गान्बा, ताप्थाबासँगको साक्षात्कार, तामाङ संस्कृतिको अवस्था, तामाङ थर, तामाङले पुज्ने स्थानीय देवीदेवताका बारेमा जानकारी लिएको बताउनुभयो।

यसका साथै तामाङ स्रस्टाले शंखुका भौगोलिक, आर्थिक, सामाजिक पक्षको अवलोकन गर्दै गीत, कविता, हाइकु र गजलमार्फत कार्यक्रममा प्रस्तुत गर्नुभएको थियो। यात्रा लगनखेलदेखि शुरू भई चापागाउँ- टीकाभैरव-दलचोकी हुँदै शंखुसम्मको रहेको थियो।

धारापानी हिले सामुदायिक वन उपभोक्ता समूह
भुम्लु गाउँपालिका -४ चौबास, हिले, काभ्रेपलाञ्चोक
काठ लिलाम बिक्री सम्बन्धी पुन: प्रकाशित सूचना
२०७५ असार १७ गते

यस समूहको सा.व. क्षेत्रबाट वैज्ञानिक वन व्यवस्थापन कार्ययोजना अनुसार यस वर्ष कटान तथा घाटगद्दी भई उपभोक्ता भित्र खपत हुन नसकेको लट नं.१ देखी ११ सम्मको थान २७१५ को १०५०८.५६ क्यु.फि. पाटेसल्ला जातको गोलिया काठ लिलाम बिक्रीको लागि मिति २०७५/०२/२३ मा प्रथम पटक २१ दिने सूचना प्रकाशित गरिएकोमा तोकिएको म्याद भित्र एक मात्र गोप्य दरभाउ पत्र दाखिला हुन आएको हुँदा सो दिन को बोलपत्र स्वीकृत हुन नसकेकोले पुन : दोस्रो पटक यो १५ दिने सूचना प्रकाशित गरिएको छ। उक्त काठ हाल ले जस्तो अवस्थामा छ, सोहि अवस्थामा उठाई लैजाने गरी समूह बाहिर लिलाम बिक्री गर्नु पर्ने भएकोले काठको कारोबार गर्ने ईजाजत प्राप्त ईच्छुक काष्ठ व्यवसायी वा फर्मले यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र बोलपत्र फारम खरिद गरी १६ औ दिन दिउँसो १ वजे भित्र यस समूहमा गोप्य शिलबन्दी दरभाउ पत्र पेश गर्नु हुन र अन्य विस्तृत जानकारीको लागि यस समूहमा सम्पर्क राख्न सकिने व्यहोरा समेत अनुरोध छ।

हार्दिक श्रद्धाञ्जली

जन्म मितिः
२००२ आषाढ ९ गते

स्वर्गारोहण मितिः
२०७५ आषाढ ५ गते

स्व. मंगला देवी श्रेष्ठ

यस संस्थाका कर्मचारी श्रीमती सपना श्रेष्ठ ज्यूको पुजनिय सासु श्रीमती मंगला देवी श्रेष्ठको ७३ वर्षको उमेरमा स्वर्गारोहण भएकोमा गहिरो दु:ख प्रकट गर्दै आज १३औं दिनको पुण्यतिथीमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै, उहाँ प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै उहाँको निधनबाट शोकाकुल परिवारजन तथा अन्य आफन्तजनहरुमा धैर्य धारण गर्ने शक्ति प्रदान गर्न ईश्वरसँग प्रार्थना गर्दै शोक सन्तप्त परिवारजन प्रति हार्दिक समवेदना प्रकट गर्दछौं।

श्री लालीगुराँस
बहुउद्देश्यीय सहकारी संस्था लि.
ललितपुर जिल्ला लपु.म.न.पा. वडा नं.३, पुल्चोक। (परिवार)

सिनेमा कर्नर

TODAYS MOVIES
RACE 3 8:20, 11:20 2:20, 5:20
America Boys 8:20, 11:20 2:20, 5:20
SANJU 8:20, 11:20 2:20, 5:20
Hari 8:20, 11:20 2:20, 5:20
मट्टीमाला 8:20, 11:20 2:20, 5:20
तिमी हुन्छौ जहाँ जहाँ 8:20, 11:20 2:20, 5:20
ए सोल्टीनी 8:20, 11:20 2:20, 5:20
Gopi Krihsna Movies
Dolby Digital, DTS Surround Sound
Luxurios & Pusgback Seats
Extraordinary Picture Quality
Comfort Lounge
Comfy Cabins Serving Food on order
Massage Chair
Children's Comer
Coffee Joints
Rhythm Room
In-theatre Advertising
Now Showing
Booking: 4812393/4812409
गोपी कृष्ण
SANJU
ONE MAN... MANY LIVES
A RAJKUMAR HIRANI FILM
IN CINEMAS 29TH JU

Guna Cinema
एकै छाना मुनी ८ सिनेमा हल
SANJU
मट्टीमाला
RACE 3
Mangalam
ए सोल्टीनी
Lilly Billy
तिमी हुन्छौ जहाँ जहाँ
शत्रुगते
Now Showing
दैनिक बिहानीको SHOWमा ५०% छुट
information SMS"smscinema" to 4862 or Dial 01618015 202777
Show Time 9:00, 12:00, 3:00, 6:00
SANJU
ONE MAN... MANY LIVES
A RAJKUMAR HIRANI FILM

गंगा चलचित्र मन्दिर
2 in 1 बालाजु, काठमाडौं, फोन नं ९८५१०३०४६२, ९८४१६८०२०६
SANJU
A RAJKUMAR HIRANI FILM

अग्नि यातायात प्रा. लि.
दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-५२२५०३३
मो. नं. ९८४१५७९६९७ (शम्भु)

माउन्ट मकालु यातायात सेवा
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ०१-५२२५१७२, ५२२५२५२, ५२२५१२३

आजको राशि

ज्यो. चन्द्रेश शर्मा

मेष	शारीरिक सुख, गरेका काम सफल, स्वास्थ्य लाभ, हर्ष।
वृष	राजनीतिज्ञबाट त्रास, प्रतिष्ठामा कमी, दायित्वबाट तनाव।
मिथुन	स्वास्थ्य खराबी, धनको क्षति, पढाइ-लेखाइमा व्यवधान।
कर्कट	धनलाभ, व्यक्तित्व विकास, नेतृत्वमा सफलता, कार्य पूरा।
सिंह	पैसा प्राप्ति, परीक्षा-खेलकुद क्षेत्रमा जीत, मान-सम्मान।
कन्या	ग्यास्टिक, वायुजन्य रोगको सम्भावना, व्यापार घाटा, अशान्ति।
तुला	पाचनमा समस्या, आलस्यता, के गरौं के नगरौंको अवस्था।
वृश्चिक	द्रव्यलाभ, मान-सम्मान, व्यापारिक सफलता, ज्ञान वृद्धि।
धनु	धन नोक्सानी, विनाकाममा खर्च, टाउको दुखाइ, आँखामा समस्या।
मकर	धनलाभ, पुरस्कार-सम्मानको सम्भावना, कार्य सफल, शुभ यात्रा।
कुम्भ	आर्थिक अभाव, चोटपटकको भय, आफन्तबाट धोका, विवाद।
मीन	आर्थिक लाभ, मिष्ठान्न भोजन, केही प्राप्तिको सम्भावना।